# मिति २०७५ असोज ९ र १० मा भएको प्रदेश नम्बर ५ को प्रदेश समन्वय परिषद्को प्रथम बैठकमा भएको छलफल, निर्णय तथा बैठक संचालन कार्यविधि र प्रतिबद्धता

<u>छलफल तथा निर्णयः</u>

१. प्रदेश  र स्थानीय तहका योजना र तिनीहरूबीचको अन्तरसम्बन्ध सम्बन्धी विषयमा डा. पिताम्बर शर्मा, प्रादेशिक कानून र स्थानीय कानूनहरुको तर्जुमा र कार्यान्वयन सम्बन्धी विषयमा श्री माधव  पौडेल र प्रदेश र स्थानीय कर प्रणालीबीचको अन्तरसम्बन्धमा डा. बैकुण्ठ अर्यालले गर्नुभएको प्रस्तुती उपर छलफल भयो ।

२. प्रदेश समन्वय परिषद्को बैठक संचालनसम्बन्धी कार्यविधि २०७५ उपर छलफल गरी स्वीकृत गरियो ।(अनुसूची -१)

३. विज्ञहरुको प्रस्तुती र समूह छलफल समेतका आधारमा २१ बुँदे प्रतिवद्धता पत्र जारी गर्ने निर्णय गरियो (अनुसूची -२)।

(प्रदेश समन्वय परिषद्को २०७५ असोज ९ र १० मा सम्पन्न भएको प्रथम बैठकको विस्तृत प्रतिवेदन तयार गरिनेछ)

(अनुसूची — १)

# प्रदेश समन्वय परिषद्को बैठक तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः** प्रदेश समन्वय परिषद्को बैठक तथा कार्यक्रमलाई नियमित, प्रभावकारी तथा व्यवस्थित बनाउन आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ (५) अनुरुप प्रदेश नं. ५ को प्रदेश समन्वय परिषद्ले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश समन्वय परिषद्को बैठक तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश नं. ५ प्रदेश समन्वय परिषद्ले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यक्रम" भन्नाले प्रदेश समन्वय परिषद्को कार्यक्रमको उद्घाटन वा समापन समारोह सम्झनु पर्छ र सो शब्दले यस्तै अन्य कार्यक्रमहरुलाई समेत जनाउनेछ ।

(ख) "बैठक" भन्नाले परिषद्ले औपचारिक रुपमा आयोजना गर्ने कुनै पनि बैठक सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम गठित प्रदेश समन्वय परिषद् सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०५ को उपदफा (२) बमोजिमका परिषद्का संयोजक र पदाधिकारीहरुलाई जनाउनेछ ।

(ङ) "संयोजक" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम गठित समन्वय परिषद्को संयोजक सम्झनुपर्छ ।

३. **बैठकको कार्यसूची निर्धारण गर्नु पर्नेः** (१) परिषद्ले कुनै पनि बैठक बोलाउनु अघि त्यस्तो बैठक बोलाउने अधिकार प्राप्त व्यक्तिले पेश गरिने विषयहरुको कार्यसूची बैठकका सहभागीहरुलाई बैठकको सूचना सँगै उपलब्ध गराउनु पर्नेछ ।यस्तो सूचना बैठक बस्ने दिनभन्दा कम्तीमा एक हप्ता अघि दिई सक्नुपर्नेछ ।

(२) बैठकको कार्यसूचीमा नपरेको विषय बैठकमा छलफल र निर्णयका लागि पेश गर्न सकिने छैन । तर, बैठकमा पेश गरिएको कार्यसूची बाहेक अन्य विषयमा छलफल गर्न चाहने

सदस्यले उक्त विषयको सूचना कम्तीमा ४८ घण्टा अघि परिषद्का संयोजकलाई दिनुपर्नेछ र त्यसमा संयोजकले स्वीकृती दिएमा उक्त विषयमा छलफल गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बैठकका लागि कार्यसूची निर्धारण गर्दा महत्वपूर्ण विषयलाई विविध अन्तर्गतको कार्यसूचीमा समावेश गर्न पाइने छैन।

(४) परिषद् बैठकमा आवश्यकता अनुसार विभिन्न विज्ञ वा विशेषज्ञलाई कुनै पनि विषयमा प्रस्तुति गर्ने गराउने गरी कार्यसूची तयार गर्न सकिनेछ । यस्तो प्रस्तुति बैठक प्रारम्भ भै सकेपछि पृथक सेसन सहितको समय तालिका निर्धारण गरी गर्न सकिनेछ ।

४. **बैठकको जानकारी तथा प्रवेश अनुमतिसम्बन्धी व्यवस्थाः** (१) बैठकका आयोजकले सहभागीलाई सूचना दिंदा बैठक बस्ने मिति, समय, स्थान, सम्पर्क व्यक्ति र निजलाई सम्पर्क गर्ने माध्यम समेत उल्लेख गरी जानकारी दिनु पर्नेछ ।

(२) बैठकमा सहभागी हुने व्यक्तिलाई बैठक हुने स्थानमा प्रवेशका लागि अनुमतिपत्र वा पास आवश्यक पर्ने भएमा समयमै पास वा प्रवेशपत्रको व्यवस्था गरी सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) बैठकका आयोजकले बैठक हुनु अघि सहभागीलाई टेलिफोन वा इमेल जस्ता सञ्चार माध्यमबाट सम्पर्क गरी निजको सहभागिता सुनिश्चित गर्नु पर्नेछ ।

५. **बैठकको ब्यवस्थापन र जिम्मेवारीः** (१) बैठक वा कार्यक्रम आयोजना गर्दा सो बैठक वा कार्यक्रमका सहभागीहरुलाई जानकारीको सूचना दिने, प्रवेश अनुमतिको व्यवस्था गर्ने तथा बैठक वा कार्यक्रम गरिने स्थानको सरसफाई, निरीक्षण, व्यवस्थापन, बैठकका लागि आवश्यक स्टेशनरी, कागजातको ब्यवस्था र वितरण, प्रस्तुतीकरण हुने भएमा सोका लागि आवश्यकता अनुसार उपकरणको ब्यवस्था लगायतका व्यवस्थापकीय जिम्मेवारी परिषद्का सदस्य सचिवको हुनेछ ।

(२) कार्यक्रमका सहभागीहरु, बजेट, कार्यक्रमका वक्ता, खाजा तथा खानाको व्यवस्था, कार्यक्रम स्थल लगायतका अन्य विषयमा पर्याप्त तयारी गर्नुपर्नेछ ।

(३) कार्यक्रममा सहभागिताका लागि मनोनयन भई आएका सहभागीहरुको सहभागिता सुनिश्चित गर्ने र सहभागीलाई मौसम, यातायात ब्यवस्था आदि विषयमा जानकारी दिनुपर्नेछ ।

(४) कार्यक्रम सञ्चालन भएको बाहिर पट्टी कार्यक्रमको बारेमा जानकारी दिने सूचना पाटिको व्यवस्था गर्नुपर्नेछ ।

(५) कार्यक्रम स्थलमा आशन तथा आवश्यक भौतिक स्रोत साधनको व्यवस्थापन, सहभागीको नाम दर्ता, हाजिरी, स्टेशनरी लगायतका सामग्री वितरण गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(६) बैठकमा भएका छलफलको अभिलेख व्यवस्थापन र आवश्यकता अनुसार रेकर्डिङको व्यवस्था गर्नुपर्नेछ। कार्यक्रम वा बैठकको बारेमा सञ्चारका माध्यममा आधिकारिक जानकारी दिलाउने व्यवस्था गर्नुपर्नेछ।

(७) कार्यक्रमस्थलको व्यवस्थित सुरक्षाको प्रवन्ध र अन्य आवश्यक ब्यवस्था गर्नुपर्नेछ।

६. **<u>बैठक तथा कार्यक्रमको शुरु र समाप्तिको अवधिः</u>** (१) परिषद्ले बैठक वा कार्यक्रम आयोजना गर्दा सामान्यतया शुरु हुने र समाप्ति हुने अवधि तोकी छलफलका विषय र कार्यक्रम निर्धारण गर्नु पर्नेछ।

(२) परिषद्ले बैठक वा कार्यक्रम निर्धारित समयमा शुरु गर्नु पर्नेछ ।

७. **<u>बैठकको सञ्चालनः</u>** (१) परिषद्ले बैठकमा सहभागीहरुको उपस्थिति जनाउनका लागि रजिष्टर वा अन्य उपयुक्त व्यवस्था गर्नु पर्नेछ । तोकिएको रजिष्टर वा उपस्थिति जनाउने विवरणमा उपस्थिति नजनाई कुनै पनि सदस्यले बैठकमा भाग लिनु हुँदैन ।

(२) बैठकका लागि निर्धारित समय शुरु हुनासाथ संयोजकले बैठक शुरु गरी छलफल गरिने विषयको बारेमा संक्षिप्त प्रकाश पार्नु पर्नेछ ।

(३) बैठकको संयोजकले छलफलको विषयमा प्रकाश पारी सकेपछि अन्य सहभागीले संयोजकको अनुमति लिई कार्यसूची भित्र परेका विषयमा पालैपालो आफ्नो धारणा राख्न वा आफूले कुनै निकायको प्रतिनिधित्व गरेको भए त्यस्तो निकायको तर्फबाट संक्षिप्त प्रस्तुती गर्न सक्नेछ । तर, सोका लागि संयोजकले तोकेको समय सीमा भित्र रही आफ्नो धारणा राख्नुपर्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम सहभागीहरुले आफ्नो धारणा प्रस्तुत गरेपछि आवश्यकता अनुसार सहभागीहरु बीचमा संक्षिप्त छलफल गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिम छलफल समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले आफ्नो धारणा सहित निर्णय हुनुपर्ने व्यहोरा प्रस्तुत गर्नेछ ।

(६) उपदफा (५) बमोजिम निर्णय हुनुपर्ने व्यहोरा प्रस्तुत भएपछि त्यसमा कुनै छुट वा सच्याउनु पर्ने भएमा सहभागीहरुले सुधार गर्न वा सच्याउन पर्ने स्पष्ट विषय वा विकल्प सहित तत्काल सुझाव राख्न सक्नेछन्।

(७) उपदफा (५) बमोजिम निर्णयका लागि प्रस्तुत व्यहोरामा उपदफा (६) बमोजिम प्राप्त सुझाव समावेश गर्नुपर्ने भएमा सो समेत समावेश गरी वा त्यस्तो सुझाव समावेश गर्न आवश्यक नदेखेमा त्यसको कारण प्रष्ट पारी अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णय सुनाउनेछ।

८. **बैठकको निर्णय प्रमाणित गर्नेसम्बन्धी व्यवस्थाः** (१) बैठकको निर्णय परिषद्का संयोजकले प्रमाणित गर्नेछन् ।

(२) उपदफा (१) बमोजिम प्रमाणित भएको निर्णय बैठकको निर्णय पुस्तिकामा टाँसेर राखिनेछ ।

९. **बैठकमा औपचारिकताका कार्यक्रम संक्षिप्तमा गर्नुपर्नेः** (१) बैठकमा आशन ग्रहण, स्वागत मन्तव्य, उद्घाटन तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नेजस्ता विषय गर्नुपर्ने भएमा सामान्यतः तीस मिनेटभित्र सम्पन्न हुने गरी तय गर्नुपर्नेछ । .

(२) कार्यक्रममा आशन ग्रहण गराउँदा प्रमुख अतिथि, अतिथि र परिषद्का अध्यक्षलाई कार्यक्रमको अग्रभाग वा मञ्चमा आशन ग्रहण गराउन सकिनेछ। कार्यक्रमका प्रमुख अतिथि उपस्थित भई निजलाई आशन गराई सकेपछि वा बैठकका अध्यक्षले कार्यक्रम प्रारम्भ गरिसकेपछि उपस्थित हुने अन्य अतिथिलाई आशन ग्रहण गराउनु पर्ने छैन ।

(३) कार्यक्रमको व्याच लगाइदिने भएमा आयोजकले प्रमुख अतिथि बाहेक अरु अतिथिलाई कार्यक्रम शुरु हुनु अगावै र कार्यक्रमका प्रमुख अतिथि र अध्यक्षलाई मात्र कार्यक्रम शुरु भएपछि लगाईदिने व्यवस्था गर्नुपर्नेछ ।

१०. **उदघोषकले स्वागत तथा कार्यक्रम सञ्चालन गर्नेः** (१) उद्घोषकले आफ्नो मन्तव्य नराखी कार्यक्रम मात्र सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रम बनाउँदा उद्घोषकले नै सबैलाई स्वागत गर्नेगरी कार्यक्रम राख्न सकिनेछ ।

११. **कार्यक्रमको उदघाटन र मन्तव्यः** (१) आयोजकले कार्यक्रमको औपचारिक रुपमा उद्घाटन गर्नुपर्ने भए प्रमुख अतिथि वा अध्यक्षबाट गराउने व्यवस्था गर्नुपर्नेछ ।

(२) कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्ने काम उद्घोषक वा संयोजकले संक्षेपमा गर्न सक्नेछन्।

(३) कार्यक्रममा प्रमुख अतिथि र अतिथि समेत गरी बढीमा पाँच जनाले मन्तव्य राख्न सक्नेछन् ।

(४) कार्यक्रममा मन्तव्यको क्रममा सम्बोधन गर्दा वा कार्यक्रमका वक्ताले कार्यक्रमका अध्यक्ष र प्रमुख अतिथिलाई मात्र सम्बोधन गर्नुपर्नेछ ।

१२. **धन्यवाद ज्ञापन तथा कार्यक्रमको समापनः** (१) कार्यक्रममा धन्यवाद ज्ञापनको लागि अलग्गै वक्ताको व्यवस्था गर्नु हुँदैन ।

(२) कार्यक्रमको अध्यक्षता गर्ने व्यक्तिले आफ्नो धारणा र निष्कर्ष सहित धन्यवाद ज्ञापन गरी कार्यक्रमको समापन गर्नु पर्नेछ ।

१३. **परिषद्का सहभागी सदस्यहरुको आचार संहिताः** परिषद्मा सहभागी हुने सदस्यहरुको आचार संहिता देहाय बमोजिम हुनेछः

(क) तोकिएको समयमा कार्यक्रम स्थल भित्र प्रवेश गरी उपस्थिति जनाई सहभागी हुने,

(ख) बैठक स्थलमा अनुशासित ढंगले बस्ने, हल्ला नगर्ने एवम् मोवाइल फोनको प्रयोग नगर्ने,

(ग) कार्यक्रम अवधिभर विशेष परिस्थिति बाहेक कार्यक्रम स्थल छोडी अन्यत्र नजाने,

(घ) बैठक स्थलभित्र पानी बाहेकका कुनै पनि खाद्य सामग्री नल्याउने वा नखाने,

(ङ) आफ्नो धारणा राख्दा तोकिएको समय सीमालाई ख्याल राख्ने,

(च) संयोजकले समय समयमा दिएका निर्देशनको पालना गर्ने ।

१४. **बैठक तथा कार्यक्रमको आयोजना मितव्ययी हुनुपर्नेः** (१) कार्यक्रम आयोजना गर्दा मितव्ययीरुपले आयोजना गर्नुपर्नेछ र सम्भव भएसम्म स्वेदशी तथा स्थानीय सामग्रीको प्रयोग गर्नुपर्नेछ ।

१५. **कार्यविधिको पालनाः** यस कार्यविधि बमोजिम बैठक वा कार्यक्रम सञ्चालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(अनुसूची -२)

**मिति २०७५ असोज ९ र १० मा सम्पन्न भएको प्रदेश नम्बर ५ को प्रदेश समन्वय परिषद्को बैठकबाट जनाइएका प्रतिवद्धताहरूः-**

१. समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सोच र प्रदेश नम्बर ५ प्रदेश सरकारको समृद्ध प्रदेश सुखी जनता भन्ने लक्ष्य हासिल गर्न योगदान पुर्याउने गरी आ.ब. २०७५।७६ भित्रै प्रदेश र स्थानीय तहहरुले आगामी ५ बर्षको आबधिक योजना तर्जुमा गर्ने ।

२. प्रदेश र स्थानीय तहका आबधिक योजना नेपालको संविधान, दिगो विकास लक्ष्य जस्ता राष्ट्रले अन्तर्राष्ट्रिय रुपमा प्रतिवद्धता जनाएका बिषय र केन्द्रमा बन्ने आबधिक योजनालाई मनन गर्दै स्थानीय आबश्यकता, संभावना, क्षमता र जनताको मनोभावनालाई समेट्ने गरी तर्जुमा गर्ने । जनतामा आधारित विकासको मोडल अपनाई विकास योजना, नीति तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयनमा जोड दिने ।

३. पूर्वाधार समृद्धिको मूल आधार हो । यातायात पूर्वाधारमा लगानी गर्दा निर्मित संरचनाको दिगो प्रयोग, मर्मत संभारमा लाग्ने खर्च, वातावरणीय पक्ष, अन्य विकासका सम्भावना आदिलाई ध्यानदिने । साथै, हालसम्म निर्माण भएका सडक पूर्वाधारहरुमा सुरक्षित रुपमा सवारी साधन चल्नसक्ने गरी स्तरोन्नति गर्ने, सडकहरुको मापदण्ड निर्धारण गर्ने र अधूरा आयोजनाहरु सम्पन्न गर्न विशेष ध्यानदिने । त्यसैगरी निश्चित प्रतिशत आयोजनाहरु हरेक वर्ष सम्पन्न गर्ने गरी व्यवस्था मिलाउने।

४. तथ्यपरक योजना निर्माण गर्न र लगानी भएको साधनबाट हासिल भएको परिणाम वा नतिजा मापन गर्न समेत तथ्यांकको महत्वपूर्ण भूमिका रहने भएकाले प्रदेश तहको एकिकृत तथ्यांक प्रणालीको विकास गर्ने । साथै,तथ्यांकलाई अध्यावधिक गर्न स्थानीयतहले आबधिक रुपमा प्रदेशमा तथ्यांक पठाउने ब्यवस्था मिलाउने ।

५. योजना बनाउँदा कृषिलाई विकासको प्राथमिकतामा राख्ने । कृषिको आधुनिकीकरण, ब्यावसायीकरण र वजारिकीकरणलाई केन्द्रविन्दुमा राखी यसको विकासमा जोड दिने । जमिन बाँझो राख्ने प्रवृत्तिलाई अन्त्य गर्ने र संगठित रुपमा आधुनिक तरिकाबाट खेतीपाति गर्न चाहनेहरुलाई प्रोत्साहित गर्ने नीति लिने ।

६. यस प्रदेशका प्राचीन सभ्यता, ऐतिहासिक स्थल, धार्मिक स्थल र राष्ट्रिय निकुन्जहरुलाई केन्द्रमा राखी पर्यटनलाई प्रदेशको समृद्धिको आधारका रुपमा विकास गर्ने । यसलाई मनन गरी आफ्नो पालिकाका संभाव्य पर्यटन क्षेत्रको विकास तथा सम्बर्द्धनमा ध्यान दिनुका साथै सम्भाव्य पर्यटकीय स्थलको विकासमा प्रदेश तथा स्थानीय तहवीच सहकार्य गर्ने ।

७. चालू आ.ब.मा केन्द्रबाट सशर्त अनुदान सहित प्राप्त भएका कतिपय आयोजना धेरै सानो वजेट आकार तथा क्षेत्र भएका वा परिणाम देखाउन सकिने किसिमका समेत नदेखिएकाले आगामी बर्षदेखि यसमा सुधार गर्नका लागि विशेष ध्यान दिन नेपाल सरकारलाई अनुरोध गर्ने । यसैगरी प्रदेश तहबाट पनि धेरै साना आयोजना सशर्त अनुदानमा समावेश नगर्ने व्यवस्था मिलाउने।

८. नेपालको संविधान वमोजिम कर्मचारी समायोजनको प्रक्रिया यथाशीघ्र सम्पन्न गरी प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको ब्यवस्था गरिदिन नेपाल सरकारलाई अनुरोध गर्ने ।

९. नेपालको संविधान वमोजिम प्रदेश लोक सेवाआयोगको गठन, काम, कर्तब्य र अधिकारसम्बन्धी आधार तथा मापदण्ड निर्धारणसम्बन्धी कानूनबनाई प्रदेश तहबाट प्रदेश लोक सेवाआयोग सम्बन्धी कानून निर्माण तथा आयोग स्थापनाको प्रक्रिया अघि बढाउन सकिने वातावरण सिर्जना गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

१०. प्रदेश र स्थानीय तहबाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमुखी बनाउनुका साथै विकास निर्माण कार्यमा वित्तीय अनुशासन तथा जवाफदेहिता कायम गर्न विशेष ध्यानदिने । मीतव्ययितालाई मानकका रुपमाविकास गर्ने अभिप्रायले तयार गरी प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड तथा कार्यविधिको सबैले पालनागर्ने ।

११. प्रदेश र स्थानीय तहलाई संविधान तथा ऐन कानूनबाट करका दर निर्धारण र संकलन गर्ने अधिकार रहेको छ । यस अधिकारको प्रयोग गरी करको किसिम तथा दरहरु निर्धारण गर्दा संबिधान र कानून अनुरुप एक अर्काको अधिकार हस्तक्षेप नहुने एवम् कर भार दोहोरो नपर्ने गरी गर्ने ।

१२. कर तिर्ने दायित्व भएका जनतासँग अन्तरक्रिया गरी करमार्फत उठेको रकम स्थानीय विकास एवम् त्यहींका जनताको भलाईमा सदुपयोग हुने कुराको सुनिश्चितता गराउँदैं कर निर्धारण गर्ने । करको क्षेत्र र दर निर्धारण गर्दा करदाता जनताको क्षमता, करको प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्बन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्नजाने असर तथा प्रभाव समेत आँकलन गर्ने ।यस अनुरुप हाल लगाइएको करको समीक्षा र आबश्यक परे पुनरावलोकन गर्ने । करदातामा कर तिर्ने बानीको विकास गराउन करदाता शिक्षाका कार्यक्रम राख्ने र करका सम्बन्धमा भइरहेको अतिरन्जित नकारात्मक प्रचारलाई स्पष्ट सूचना सम्प्रेषणमार्फत स्पष्ट गर्दैजाने ।

१३. स्थानीय तहबाट भए गरेका विकास निर्माण कार्यहरुको गतिविधि, भएको खर्च र प्राप्त भएको परिणाम खुलाई चौमासिक र बार्षिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन गर्ने । यसका लागि प्रतिवेदनको रुपरेखा, तरिका र समय निर्धारण गरी स्थानीयतहलाई उपलब्ध गराउने ।

१४. स्थानीय तहलाई कुनै विषय वस्तुमा क्षमता विकासको आबश्यकता भएमा प्रदेश सरकारलाई अनुरोध गर्नसक्ने र त्यसको सहजीकरण प्रदेश तहबाट गर्ने ।

१५. साझा अधिकार सूचीमा रहेका कतिपय विषयहरुमा संघीय तहबाट कानून नबनेसम्म प्रदेश र स्थानीय तहबाट कानून बन्न नसक्ने भएकाले यस्ता कानूनहरु प्राथमिकताका साथ तर्जुमा गर्न नेपाल सरकारलाई अनुरोध गर्ने । यसै अनुसार प्रदेश तहबाट पनि कानून तर्जुमा गरी स्थानीय तहलाई कानून निर्माणमा सहजीकरण गरिदिने।

१६. स्थानीयतहले तर्जुमा गर्ने कानूनहरुको एकिकृत अभिलेख राख्न र प्रदेश तथा स्थानीय तहबाट निर्मित कानूनहरुवीच अन्तरसम्बन्ध विश्लषण गर्नकालागि समेत स्थानीयतहले बनाएका कानूनहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

१७. जिल्ला सभा तथा जिल्ला समन्वय समितिसम्बन्धी नेपालको संविधानको धारा २२० उपधारा ८ वमोजिम बनाउनुपर्ने प्रदेश कानून प्राथमिकताका साथतर्जुमागर्ने ।

१८. प्रदेश र स्थानीयतह अन्तर्गतका सार्वजनिक सम्पत्तिको अभिलेखीकरण तथा संरक्षण गर्ने । साथै, प्रदेश र स्थानीयतह अन्तर्गतका कार्यालयका लागि तत्काल भवन निर्माण गर्न साधन अभावका कारणले सम्भव नहुने भएपनि भवन बनाउन आबश्यक जग्गाको अनुमान गरी ब्यवस्था मिलाउने ।

१९. जिल्ला समन्वय समितिको कोषमा रहेको रकम स्थानीय तहको कार्यालय भवन तथा संरचना निर्माणका लागि बाँडफाँड गरी तत्काल उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने।

२०. प्रदेश र स्थानीय तहबाट बजेट तर्जुमा गर्दा पूर्वाधार विकासका आयोजनाका अतिरिक्त लैङ्गिक सशक्तिकरण तथा क्षमता विकास र सामाजिक, आर्थिक र भौतिक क्षेत्रमा पछाडि परेका / पारिएका समुदायहरु तथा बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक संरक्षणका कार्यक्रमहरुलाई पनि प्राथमिकता दिई विनियोजन गर्ने।

२१. प्रदेश समन्वय परिषद्को बैठक संचालनसम्बन्धी स्वीकृत कार्यविधि २०७५ कार्यान्वयनमा ल्याउने ।